नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
विकास सहायता समन्वय शाखा

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७६/०७७

चलानी नं.:- ४०८

मिति २०७७/०१/०५

श्री फत्ताङलुङ गाउँपालिका, ताप्लेजुङ,
श्री सभापोखरी गाउँपालिका, संखुवासभा,
श्री बिगु गाउँपालिका, दोलखा,
श्री जुगल गाउँपालिका, सिन्धुपाल्चोक,
श्री गोसाईंकुण्ड गाउँपालिका, रसुवा,
श्री रुविभ्याली गाउँपालिका, धादिङ,
श्री चुमनुब्री गाउँपालिका, गोरखा,
श्री नार्पाभूमी गाउँपालिका, मनाङ,
श्री लोमन्थाङ गाउँपालिका, मुस्ताङ,
श्री तालकोट गाउँपालिका, बझाङ,
श्री से फोक्सुण्डो गाउँपालिका, डोल्पा,
श्री मुगुम कार्मारोङ गाउँपालिका, मुगु,
श्री नाम्खा गाउँपालिका, हुम्ला,
श्री मार्मा गाउँपालिका, दार्चुला।

विषय: चीन सरकारले प्रदान गर्ने सहायता सामग्री स्थगनसम्बन्धमा ।

प्रस्तुत विषयमा तिब्बतको ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको च.नं २०० मिति २०७७/०१/०३ को पत्रबाट चीन सरकारले नेपालका चीनसँग सिमाना जोडिएका १४ जिल्लाका स्थानीय तहहरुलाई सडक निर्माणको लागि प्रदान गर्ने भनिएको १४ वटा Excavator उपलब्ध गराउने प्रक्रिया अन्तिम चरणमा पुगेकोमा हाल विश्व महामारीको रुपमा फैलिएको COVID-19 को कारण चीन सरकारको वैदेशिक सहयोग प्राथमिकतामा परिवर्तन भई उक्त महामारीको रोकथाम र नियन्त्रणको क्षेत्रमा सहयोग केन्द्रित गर्नु परेको सन्दर्भमा चीनले यस वर्ष उल्लिखत उपकरणहरु उपलब्ध गराउन नसक्ने व्यहोरा लेखी आएकोले सम्बन्धित स्थानीय तहको जानकारीको लागि आदेशानुसार अनुरोध छ।

स्मीता पौडेल
शाखा अधिकृत

नेपाली महावाणिज्यदूतावास
Consulate General of Nepal
बेइजिङ पश्चिम रोड-१२, ल्हासा, तिब्बत, चीन
Beijing West Road 12, Lhasa, Tibet, China

प. सं. ०७६/७७
च. नं. २००

मितिः २०७७।०१।०३

श्री परराष्ट्र मन्त्रालय, उत्तरपूर्व एशिया महाशाखा, सिंहदरबार, काठमाण्डौं।

**बिषयः सिमाना जोडिएका उत्तरी जिल्लालाइ प्रदान गरिने सहायता सामग्री स्थगन भएको बारे।**

उपरोक्त सम्बन्धमा चीनको तिब्बत परराष्ट्र कार्यालयका महानिर्देशक र यस नियोगका महावाणिज्यदूतवीच मिति २०७६।१२।२५ मा भएको बैठकमा चीनको तिब्बत सरकारले सहायता सामग्री कार्यक्रम अन्तरगत नेपालको चीनसंग सिमाना जोडिएका १४ जिल्लाहरुलाइ प्रत्येक जिल्लालाइ १/१ वटाका दरले सडक निर्माण गर्ने १४ वटा Excavator उपलब्ध गराउने गरी प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा हाल विश्व महामारिको रुपमा फैलिएको COVID-19 को कारण चीन सरकारको वैदेशिक सहयोगका प्राथमिकतामा परिवर्तन भै अन्य प्रकारका आयोजनावाट COVID-19 को रोकथाम तथा नियन्त्रणका क्षेत्रमा सहयोग केन्द्रित गर्नु परेकाले यस वर्ष नेपालका उत्तरी जिल्लाहरुलाइ उल्लेखित उपकरणहरु उपलब्ध गराउन नसकिने जानकारी गराएकोले सोही ब्यहोरा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सोलुखुम्बु बाहेकका चीनसंग सिमाना जोडिएका १४ जिल्लाका स्थानीय निकायहरुलाइ जानकारी गराइदिनु हुन अनुरोध छ।

२०७७।१।३

गोविन्द वहादुर कार्की
महावाणिज्यदूत

बोधार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

Phone: +86-891-6830609, 6815744, Fax: +86-891-6836890, Email: cgnlhasa@mofa.gov.np, Website: lxa.nepalconsulate.gov.np